# कोहलपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

**सिकल सेल एनेमियाको रक्त परिक्षण शुल्क सम्बन्धी शिलबन्दी दरभाउपत्र आव्हानको सूचना**
**( प्रथम पटक प्रकाशित मिति : २०७५।०२।२२ )**

**ठेक्का नं. २०**

**यस कार्यालयको सामाजिक विकास शाखाको लागि आवश्यक सिक्कल सेल ऐनिमिया शिविरमा रक्त परिक्षण गर्नको लागि शुल्क सम्बन्धी सिलबन्दी दरभाउपत्र माध्यमबाट खरिद गर्नुपर्ने भएकोले सम्बन्धित इजाजत पत्र प्राप्त इच्छुक व्यक्ति, फर्म, तथा कम्पनी बाट निम्नशर्तहरुको अधिनमा रही रित पुर्वकको सिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ ।**

१. यो सुचना प्रकाशन भएको मितिले १५ दिनभित्र कम्पनी/फर्म चालु आ.ब.२०७४।०७५ मा नवीकरण भएको ईजाजत प्रमाण पत्रको प्रमाणित प्रतिलिपी,,दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि र पान/भ्याट प्रमाणित प्रतिलिपीहरु संलग्न राखी रु. १०।- को टिकट निवेदनमा टाँस गरी कार्यालय समय भित्र निवेदन दिई रु. १००० रकम तिरी दरभाउपत्र फारम दस्तुर (फिर्ता नहुने गरी) बुझाई यस कार्यालयबाट दरभाउपत्र फारम खरिद गर्न सकिने छ।

२. दरभाउपत्र दाताले दरभाउपत्र खरिद गर्दा कार्यालय प्रमुखको दस्तखत र कार्यालयको छाप लागेको दरभाउपत्र खरिद गर्नु पर्ने छ । खरिद भएको दरभाउपत्र यो सुचना प्रकाशित भएको मितिले १६ औं दिनको १२ बजे भित्र दरभाउपत्र फारममा सहीछाप गरि दरभाउपत्रदाताको नाम, ठेगाना, फोन तथा फ्यास नं. समेत खुलाई सिलबन्दी दरभाउपत्र यस कार्यालयमा दर्ता गराउन सकिने छ ।

३. दर्ता भएका दरभाउपत्रहरु सोहीदिनको २ बजे दरभाउपत्र दाता वा निजहरुका प्रतिनिधिहरु र कार्यालयका प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिने छ । दरभाउपत्र दाता वा निजहरुका प्रतिनिधिहरु उपस्थित नभएमा पनि सिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

४. दरभाउ पत्र खरिदको अन्तिम दिन तथा दाखिला गर्ने वा खोल्ने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु त्यस पछिको लगत्तै कार्यालय खुलेको दिन सोही समयमा उक्त कार्यहरु हुनेछ ।

५. सिलबन्दी दरभाउपत्र साथ रु.२०२५०।०० रकम बराबरको दरभाउपत्र जमानत कोहलपुर नगरपालिकाको ०७२०५०१०००२३५२१७ धरौटी खातामा जम्मा गरेको सक्कलै बैक भौचर वा मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी भएको, प्रचलित कानुनले तोकेको अवधि भएको दरभाउपत्र जमानी पत्र (विडवन्ड) पेश गर्नु पर्ने छ ।

६. दरभाउपत्र स्वीकृत भएपछि सूचना अनुसारको अंकको ५% ले हुने रकम बरावरको धरौटी खातामा जम्मा गरेको बैक भौचर वा कार्यालयले तोकेको अवधि सम्मको बैंक कार्य सम्पादन जमानत पत्र पेश गर्नु पर्ने छ ।

७ . दरभाउपत्र पेश गर्दा आफ्नो फर्म वा कंपनीले दरभाउपत्रमा तोकिएका रगत जांच शुल्क अक्षर र अंक दुबैमा लेखि पेश गर्नु छ ।

८. सारभूत रुपमा प्रभावग्राही दरभाउपत्रहरु मध्ये सबै भन्दा घटी रकम कबोल गर्ने फर्मको दरभाउपत्र स्वीकृत गरिनेछ ।

९. कार्यालयको आवश्यकताअनुसार दरभाउपत्रमा उल्लेखित रक्त परिक्षण जांचहरु थप घट गर्न सकिने छ ।

१०. अन्य कुराहरुको हकमा प्रचलित कानुन बमोजिम हुने छ ।

**तपसिल**

| सि.नं. | ठेक्का नं. | विवरण | दरभाउपत्र दस्तुर | दरभाउपत्र जमानत रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | २०।२०७४/०७५ | सिक्कल सेल रक्त परिक्षण शुल्क | १०००।०० | २०२५०।०० | खरिद गर्ने अन्तिम मिति २०७५।०३।०५<br>दर्ता गर्ने अन्तिम मिति २०७५।०३।०६ |